मिति: २०८०।०२।३१ , बैठक संख्या - १८

आज मिति २०८०।०२।३१ गते बुधबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/०८० को अठारौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

<u>**उपस्थिति :**</u>

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी ........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ........................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ........................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ........................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ........................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ........................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ........................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ........................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती ........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ........................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा........................................................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................................................................

१७.आमन्त्रित सदस्य श्री लक्ष्मी चुहान........................................................................

१८.कार्यालय सहयोगी श्री बजेन्द्र पुरी........................................................................

मिति: २०८०।०२।३१ , बैठक संख्या - १८

**प्रस्तावहरु:-**

१. विभिन्न कार्यविधि माथि छलफल सम्बन्धमा।
२. समपुरक योजना सम्बन्धमा।
३. जग्गा प्राप्ति सम्बन्धमा।
४. विपद् व्यवस्थापन सम्बन्धमा।

मिति: २०८०।०२।३१ , बैठक संख्या - १८

**निर्णय नं. १.**

गाउँपालिका स्तरीय नर्सरी व्यवस्थापन कार्यविधि (मस्यौदा), २०८०, भौगोलिक विशेषताका आधारमा कृषि खेती विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० र हिलिहाङ गाउँपालिका कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० कानून मस्यौदा समितिमा दफादार छलफल भई आएको उल्लेखित मस्यौदा सर्वसम्मत पारित गरियो।

**निर्णय नं. २.**

चालू आ.व. २०७९/०८० को हिउँदे अधिवेशनबाट हिलिहाङ गाउँपालिका वडा नं. ७ को प्रशासनिक भवन Construction of ward no 7 Office building निर्माणको लागि बजेट विनियोजन गरी बोलपत्र आव्हान गर्दा उत्सव निर्माण सेवा पाँचथरले उक्त ठेक्का प्रणालीमा छनौट भई मितिः २०८०/०१/२१ गते सम्झौता गरिएको मु.अ.क. कर सहित जम्मा रकम रु.३४,०२,९५६।०० (अक्षेरेपि चौतिस लाख दुई हजार नौ सय छपन्न मात्र) मा योजना सञ्चालन भइरहेको अवस्थामा आगामी आ.व. २०८०/०८१ का लागि संघीय समपूरक अनुदान मार्फत उक्त भवन निर्माणार्थ रु.१,००,००,०००/- (अक्षेरेपि एक करोड रूपैयाँ) बजेट विनियोजन भई आएकोले उक्त योजनाको लागि दोहोरो रकम विनियोजन गर्नु पर्ने अवस्था सिर्जना भएकोले आगामी आ.व. २०८०/०८१ को समपूरक योजनालाई वडा नं. ३ को प्रशासनिक भवन निर्माणको लागि शिर्षकान्तर गर्न राष्ट्रिय योजना आयोग समक्ष सिफारिस सहित अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३.**

हिलिहाङ गाउँपालिका वडा नं. १ को वडा स्तरीय खेलमैदान निर्माणका लागि पाँचथर जिल्ला हिलिहाङ गाउँपालिका वडा नं. १ बस्ने श्री पूर्ण बहादुर तामाङले आफ्नो नाममा दर्ता कायम रहेको हिलिहाङ गाउँपालिका वडा नं १ साविक दोरुम्बा ४(ग) कित्ता नं. ३८, ३६ र ३७ बाट जम्मा ८-१०-२-१ र हिलिहाङ गाउँपालिका वडा नं. १ बस्ने श्री केदार वाग्लेले आफ्नो नाममा दर्ता कायम रहेको हिलिहाङ गाउँपालिका वडा नं. १ साविक दोरुम्बा ६(ङ) कित्ता नं. १६०, १५८ र १५९ बाट जम्मा ६-१३-०-२ जग्गा स्वेच्छिक रूपमा निःशुल्क जग्गादान गर्ने मञ्जुरीनामा सहित निवेदन पेश गर्नु भएकोले उक्त जग्गा प्राप्तिका लागि आवश्यक प्रकृया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४.**

हिलिहाङ गाउँपालिका स्थित विभिन्न क्षेत्रमा भारी वर्षाका कारण पहिरो गई क्षति भएको तपसिलको स्थलमा मर्मत संभार गर्ने निर्णय गरियो।

क. हिलिहाङ गाउँपालिका वडा नं. ५ स्थित सुभाङ सिँचाई आयोजना (कुलो) उक्त क्षेत्रमा सडक निर्माण कार्य समेत भईरहेको अवस्थामा भारी वर्षाका कारण बोजेनी भन्ने ठाँउमा पहिरो गई कुलो पूर्ण रूपमा प्रभावित भई सिँचाई गर्न अत्यावश्यक भएकोले उक्त कुलो मर्मत कार्यको लागि प्रकोप व्यवस्थापन कोषबाट रु.२,००,०००/- (अक्षेरेपि दुई लाख रुपैयाँ) रकमबाट उक्त कुलो मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो।

# मिति: २०८०।०२।३१ , बैठक संख्या - १८

ख. हिलिहाङ गाउँपालिका वडा नं. ३. स्थित अधेरी खोला गुम्बा डाँडा सिँचाई योजना भारी वर्षाका कारण गुम्बा डाँडा नजिकै भाँसिएर कुलो पूर्ण रूपमा प्रभावित भएकोले उक्त कुलो मर्मत संभार कार्यको लागि प्रकोप व्यवस्थापन कोषबाट रु. ६०,०००/- (अक्षरेपि साठी हजार रूपैयाँ) रकमबाट उक्त कुलो मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो।

ग. हिलिहाङ गाउँपालिका वडा नं. २ अन्तर्गत मादिबुङ जराइटार मोटरबाटो भारी वर्षाका कारण सडक अवरोध भई कृषकहरूलाई दैनिक आवतजावत साथै कृषकहरूबाट उत्पादित कृषिजन्य वस्तु निर्यात गर्न समेत समस्या भएकोले उक्त बाटो सरसफाईको लागि हिलिहाङ गाउँपालिकाको व्याक हो लोडर संचालन कार्यविधि, २०७७ को दफा ४(ड) बमोजिम रु. ३५,०००/- (अक्षरेपी पैतिस हजार रुपैयाँ) रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।